"हरित नगर, समृद्ध दमक"

# दमक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा

१ नं. प्रदेश, नेपाल

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३

फ्याक्स नं. ०२३-५८०१४६

www.damakmun.gov.np

info@damakmun.gov.np

Damak Municipality

प.सं.

च.नं. २६६४

मितिः २०७६।०८।१३

विषय :- उपभोक्ता समितिबाट काम गराउने व्यवस्था सम्बन्धमा ।

श्री १-१० नं. वडा कार्यालय

दमक, झापा ।

उपर्युक्त सम्बन्धमा पाचौं नगर सभाद्धारा स्वीकृत वजेट, नीति तथा कार्यक्रम तथा सार्वजानिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम उपभोक्ता समितिद्धारा काम गराउने व्यवस्थाका सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन समेतको आधारमा उपभोक्ता समितिद्धारा काम गराउने व्यवस्था गर्दा देहाय अनुसार हुने गरी वडा कार्यालयबाट सिफारिस गरी पठाउने व्यवस्था गर्नु हुन मिति २०७६।०८।०७ गतेको कार्यपालिका बैठकको निर्णयानुसार अनुरोध गर्दछु ।

.................................

गणेशप्रसाद तिमिल्सिना

प्रमुख प्रशासकीय अधिकृत

क. जनसहभागीताको रकम नगर कार्यपालिका कार्यालयको खातामा जम्मा गर्नु पर्ने ।

ख. उपभोक्ताले जिम्मा लिएको काम अन्य निर्माण व्यवसायीलाई जिम्मा दिई काम गराउन नपाउने हुँदा सोको प्रतिबद्धता हुनुपर्ने ।

ग. मेशिनरी उपकरण वा हैभी मेशिनरी उपकरण प्रयोग गर्नुपर्ने भएमा के के उपकरण प्रयोग गर्नुपर्ने हो सोको विवरण खुलाउनु पर्ने ।

घ. उपभोक्ता समितिमा कम्तिमा ७ जना र वढीमा ११ जना हुनु पर्ने । उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला समावेश हुनुपर्ने । उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषध्यक्ष मध्ये १ जना महिला अनिवार्य हुनुपर्ने

ङ. स्थानीय उपभोक्ताहरुको भेला बोलाई वडा समितिका पदाधिकारीको रोहवरमा उपभोक्ता समिति गठन हुनु पर्ने

च. उपभोक्ता समितिमा राजनैतिक दलका पदाधिकारी, सरकारी कर्मचारी, शिक्षक र निर्वाचित पदाधिकारी सहभागी हुनु नहुने ।

छ. एकै व्यक्ति वा एकै परिवारको व्यक्ति एकै समयमा एक भन्दा बढी उपभोक्ता समितिमा सहभागी हुन नहुने

ज. उपभोक्ता समितिले निर्माण कार्यको रेखदेखको जिम्मेवारी लिनुपर्ने र आयोजना सम्पन्न भै हस्तान्तरण गरिए पछि सोको संरक्षणको जिम्मेवारी लिनु पर्ने ।

झ. अन्य व्यवस्थाहरु सार्वजानिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा यस नगरसभा तथा नगर कार्यपालिकाद्धारा पारित नीति एवम निर्णय बमोजिम हुने ।

Scanned by CamScanner